# इन्द्रेणी इ-बुलेटिन

समाज परिवर्तनको संवाहक

इ-बुलेटिन मासिक | अंक ८ | वर्ष १ | महिनाः चैत्र २०७२

**संरक्षक**
रुद्र मश्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नबराज शर्मा
गोपाल खराल
निर्मला दर्नाल

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५५२००९१
इमेलः iskpalpa@yahoo.com
वेवसाइटः www.isknepal.org.np
फेसबुकः www.facebook.com/Indreni-Samaj-Kendra-ISK-

Fast Track Targets
By 2020
90-90-90
HIV Treatment
500 000
New HIV infection or fewer
ZERO
Discrimination

## समाचार संक्षेप-:

- भैरवस्थानमा लान्छना र भेदभाव न्युनिकरण तालिम सम्पन्न ।
- पालुङ्गमैनादी डिआइसीमा कुसन बनाउने तालिम सम्पन्न।
- तानसेन डिआइसीमा डिआइसी व्यवस्थापन समितिको बैठक सम्पन्न ।
- पाल्पाको गल्धामा परियोजना कायान्वयन अनुगमन समितिको बैठक सम्पन्न ।
- रामपुर डिआइसीमा योजनाबद्ध समूह छफलन सम्पन्न




## इन्द्रेणीको दशौं अधिवेशनबाट नयाँ कार्यसमिति चयन ।

इन्द्रेणी समाज केन्द्र, नेपालको दशौं अधिवेशनबाट ११ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ । समितिको अध्यक्षमा दमन सिं पाटा, उपाध्यक्षमा देव बहादुर पाटा, सचिवमा ओम मश्राङ्गी, सह-सचिवमा जस्मिना थापा, कोषाध्यक्षमा चन्द्र खण्डलुक, सदस्यहरुमा केशरी खण्डलुक, पुर्णिमा थापा, मन बहादुर ढेंगा, लगायत निर्वाचित हुनुभएको छ । सम्पूर्ण युवाशक्ति जुटौं, सामाजिक रुपान्तरणका लागि अघि बढौं भन्ने मुल नाराका साथ सम्पन्न दशौं अधिवेशन तथा २१औं साधारण सभा गत फाल्गुण २२ गते भिरुवासमा सम्पन्न भएको हो । इन्द्रेणी समाज केन्द्र, नेपालका अध्यक्ष दमान सिं पाटाको सभापतित्वमा भएको कार्यक्रममा गाउँ विकास समिति सचिव इविन्द्र बस्याल प्रमुख अतिथि रहनुभएको थियो । कायक्रममा समाजका सचिव ओम मश्राङ्गीले संस्थागत प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष चन्द्र खण्डलुकले संस्थाको आय व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । संस्थाको भावी कार्यनितिबारेको प्रतिवेदन संस्थाका कार्यक्रम व्यवस्थापक रुद्र मश्राङ्गीले गर्नुभएको थियो भने आगामी आ.ब.को बजेट लेखा तथा वित्तिय अधिकृत गोपाल खरालले गर्नुभएको थियो । सोही कार्यक्रममा संस्थामा कार्यरत २ जना कर्मचारीहरुलाई उत्कृष्ट कर्मचारी-बर्ष २०१५ पुरस्कारले सम्मान गरिएको थियो । पुरुषतर्फ साथ साथ परियोजनाका परियोजना संयोजक दशरथ अस्लामी र महिला तर्फ साना किसान सवलीकरण परियोजनाका सामुदायिक सहजकर्ता धनमाया जर्घालाई पुरस्कृत गरिएको हो । कार्यक्रममा इन्द्रेणी समाज केन्द्र, नेपालका संस्थापक अध्यक्ष कुल बहादुर खण्डलुक, पुर्व अध्यक्ष नबिन्द्र थापा, पदम बहादुर थापा भेडी, लक्ष्मीप्रसाद पाटा लगायतले संस्था तथा कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

**असल काम गरिएन भने अन्ततः पुग्ने ठाउँ खराब नै हुन्छ ।**









**महान जिवनमा उद्देश्यहरु हुन्छन्, लक्ष्यहरु हुन्छन्, सामान्य जिवनमा आशा मात्र हुन्छन् ।**

हस्तकला..........



## फोटो ग्यालरी



पालुङमैनादी डिआइसीमा बनाइएको कुसन



तानसेन डिआइसीमा झुलर बुन्दै महिलाहरु ।

### पालुङमैनादीमा फाइवर कुसन बनाउने तालिम सम्पन्न

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग युएसएआईडि साथ साथ प्रोजेक्टको आर्थिक तथा प्राबिधिक सहयोगमा संचालित एचआईभी एड्स, यौन रोग रोकथाम, उपचार तथा हेरचाह कार्यक्रमद्धारा गत चैत्र १ गते पालुङ्गमैनादी डिआईसीमा अतिरिक्त सृजनात्मक कृयाकलाप अन्तर्गत कपडा र फाईबर बाट आकर्षक कुसन बनाउने तालिम सम्पन्न गरियो । १२ जना आप्रवासी कामदारका श्रीमती र ४ जना अन्य महिला गरी जम्मा १६ सहभागीहरुको सक्रिय सहभागीतामा सृजनात्मक क्रियाकलाप सम्पन्न भएको थियो । कार्यक्रम साथ-साथ प्रोजेक्ट द्वारा संचालित कार्यक्रम तथा उपलब्ध सेवाको बारेमा जानकारी गराउने, यौनरोग र एच्आईभीको जोखीम महशुस गराउने सहभागीहरुमार्फत समुदायमा यौनरोग र एचआईभी संम्बन्धी सकारात्मक सन्देश प्रबाहगर्ने, कपडा र फाईबरको प्रयोगबाट आकर्षक र उपयोगी कुसन बनाउन सिकाउने तथा साथ साथ परियोजना अर्न्तगतको क्लिनिकले प्रदान गर्ने सेवा लिन प्रोत्साहन गर्ने उद्धेश्यले गरिएको थियो ।

### विभिन्न कार्यक्रमका साथ १०६औं नारी दिवस मनाईयो ।

लैङ्गिक समानताका लागि पाईला हाराहारी,सन् २०३० सम्म हिस्सा बराबरी संविधानलाई ब्यवहारमा उतारौं महिला अधिकार सुनिश्चित गरौं भन्ने नाराका साथ १०६ औं अन्तर्राष्ट्रिय नारी दिवस विविध कार्यक्रम गरि मनाईएको छ । पाल्पा जिल्लाको पश्चिममा पर्ने छहरा गाविसमा गाउँ महिला समन्वय समिति छहरा,मानव अधिकार प्रर्वद्धन समिति, लगनशिल सामाजिक उधमी महिला सहकारी संस्था लि. र गौरवशाली कृषि महिला सहकारी संस्था लिमिटेड छहराको आयोजनामा र इन्द्रेणी समाज केन्द्र, नेपालको सहयोगमा नारी दिवस मनाईएको हो । कार्यक्रमका प्रमुख अतिथि पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी बाबुराम गौतमले महिलाहरु आफनो अधिकारको लागि यसैगरि नै एकजुट हुनुपर्ने भन्दै महिलाहरु अब घरको काममा मात्र नभई अन्य काम र क्षेत्रमा समेत सहभागीता अभिवृद्धि गर्दै जानुपर्ने जसका कारण नाराले भनेजस्तै हिस्सा बराबरी हुने बताउनु भयो । कार्यक्रममा पुर्व सभासद नारायणी शर्माले नेपालको संविधान २०७२ मा ब्यवस्था भएका महिलाका हक र अधिकारका बारेमा, जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी नायव उपरीक्षक सुमन कुमार तिमिल्सेना र जिल्ला प्रहरी कार्यालय पाल्पाकै राजकुमार चापागाईले पाल्पा जिल्लामा लैङ्गिक हिंसा, घरेलु हिंसा र आत्महत्याको अवस्थाका बारेमा जानकारी गराउँदै यसप्रति सचेत रहन र हिंसा सहेर नबस्न आग्रह समेत गर्नुभएको थियो । कार्यक्रममा जिल्ला विकास समिति पाल्पाका निमित्त स्थानीय विकास अधिकारी भिर्माजुन पाण्डेले सरकारी सेवामा महिला सहभागीताका विषयमा प्रष्ट पार्नु भएको थियो । कार्यक्रममा परिवार नियोजन संघ पाल्पाका प्रमुख शोभाकान्त न्यौपानेले स्वास्थ्य शिविरका बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रमा जिल्ला अनुसन्धान कार्यालयका प्रमुख अनुसन्धान अधिकृत सुदिप अधिकारी, महिला तथा बालबालीका कार्यालयका मनोज आचार्य,पाल्पा अस्पतालका डा. अनुप पण्डित, इन्द्रेणी समाज केन्द्रका कार्यक्रम ब्यवस्थापक रुद्र मग्राङ्गी लगायतको उपस्थीति रहेको थियो । कार्यक्रम गाउँ महिला समन्वय समितिका अध्यक्ष विष्णु घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन गाविस सामाजिक परिचालक गंगा घिमिरेले गर्नुभएको थियो ।



योजनाबद्ध समूह छलफलमा महिलाहरु



१०६औं नारी दिवस छहराको एक झलक